

# अर्थ

प्राधिकरणका सहप्रवक्ता मनोहर घिमिरेका अनुसार छुट तथा पुनजाँच सर्वेक्षणबाट संकलित १ लाख २९ हजार ४ सय ८ मध्ये हालसम्म ९१ हजार ९ सय १८ वटा गुनासोको सुनुवाइ भइसकेको छ।

2018, JUL
Thursday
5

## SHARE MARKET

**4 JULY WEDNESDAY, 2018**

| S.No. | Traded Companies | Total Share | Max. Price | Min. Price | CP Price | Diff Rs. |
|---|---|---|---|---|---|---|
| 1 | Agriculture Development Bank Limited | 8901.00 | 310.00 | 300.00 | 309.00 | 4.00 |
| 2 | Api Power Company Ltd. | 2602.00 | 290.00 | 274.00 | 285.00 | 7.00 |
| 3 | Arambha Microfinance Bittiya Sanstha Ltd. | 10.00 | 495.00 | 495.00 | 495.00 | 9.00 |
| 4 | Arun Kabeli Power Ltd. | 1428.00 | 266.00 | 248.00 | 261.00 | 6.00 |
| 5 | Arun Valley Hydropower Dev. Co. Ltd. | 15260.00 | 153.00 | 144.00 | 153.00 | 7.00 |
| 6 | Asian Life Insurance Co. Limited | 3095.00 | 632.00 | 605.00 | 620.00 | 2.00 |
| 7 | Bank of Kathmandu Ltd. | 7003.00 | 262.00 | 253.00 | 254.00 | -3.00 |
| 8 | Barun Hydropower Co. Ltd. | 30.00 | 149.00 | 148.00 | 148.00 | 1.00 |
| 9 | Bhargav Bikash Bank Ltd. | 32.00 | 126.00 | 126.00 | 126.00 | -1.00 |
| 10 | Bottlers Nepal (Terai) Limited | 20.00 | 5610.00 | 5600.00 | 5610.00 | 110.00 |
| 11 | Butwal Power Company Limited | 8700.00 | 440.00 | 430.00 | 435.00 | 0.00 |
| 12 | Central Finance Co. Ltd. | 347.00 | 116.00 | 113.00 | 116.00 | 1.00 |
| 13 | Century Commercial Bank Ltd. | 15309.00 | 169.00 | 161.00 | 165.00 | 1.00 |
| 14 | Chhimek Laghubitta Bikas Bank Limited | 13392.00 | 880.00 | 850.00 | 865.00 | -3.00 |
| 15 | Chhyangdi Hydropower Ltd. | 130.00 | 137.00 | 136.00 | 137.00 | -2.00 |
| 16 | Chilime Hydropower Company Limited | 4424.00 | 745.00 | 724.00 | 740.00 | 13.00 |
| 17 | Citizen Bank International Limited | 6538.00 | 236.00 | 230.00 | 235.00 | 3.00 |
| 18 | Citizen Investment Trust | 601.00 | 2475.00 | 2449.00 | 2461.00 | 11.00 |
| 19 | Citizens Mutual Fund -1 | 1500.00 | 9.17 | 9.07 | 9.07 | -0.10 |
| 20 | City Express Finance Co. Limited | 150.00 | 189.00 | 189.00 | 189.00 | -1.00 |
| 21 | Civil Bank Ltd | 33706.00 | 151.00 | 146.00 | 147.00 | 0.00 |
| 22 | Civil Laghubitta Bittiya Sanstha Ltd. | 210.00 | 703.00 | 677.00 | 703.00 | 25.00 |
| 23 | Corporate Development Bank Limited | 40.00 | 100.00 | 100.00 | 100.00 | -2.00 |
| 24 | Deprosc Laghubitta Bittiya Sanstha Limited | 164.00 | 729.00 | 715.00 | 729.00 | 4.00 |
| 25 | Deva Bikas Bank Limited | 2461.00 | 131.00 | 129.00 | 129.00 | 0.00 |
| 26 | Dibyashwori Hydropower Ltd. | 74.00 | 111.00 | 108.00 | 111.00 | 3.00 |
| 27 | Everest Bank Limited | 7194.00 | 652.00 | 638.00 | 649.00 | -1.00 |
| 28 | Everest Bank Limited Con. Pref. | 12.00 | 633.00 | 633.00 | 633.00 | 0.00 |
| 29 | Everest Insurance Co. Ltd. | 243.00 | 1286.00 | 1260.00 | 1270.00 | 24.00 |
| 30 | Excel Development Bank Ltd. | 1294.00 | 328.00 | 323.00 | 325.00 | 3.00 |
| 31 | First Micro Finance Dev. Bank Ltd. | 3581.00 | 518.00 | 503.00 | 517.00 | 8.00 |
| 32 | Forward Community Mi. Bittiya San. Ltd. | 440.00 | 2160.00 | 2120.00 | 2125.00 | 0.00 |
| 33 | Gandaki Bikas Bank Limited | 4204.00 | 192.00 | 186.00 | 188.00 | 2.00 |
| 34 | Garima Bikas Bank Limited | 4410.00 | 180.00 | 173.00 | 177.00 | 2.00 |
| 35 | Global IME Bank Limited | 9276.00 | 285.00 | 280.00 | 284.00 | 2.00 |
| 36 | Global IME Laghubitta Bittiya Sanstha Ltd. | 111.00 | 1162.00 | 1130.00 | 1150.00 | 20.00 |
| 37 | Global IME Samunnat Scheme-1 | 7000.00 | 8.45 | 8.28 | 8.29 | -0.16 |
| 38 | Goodwill Finance Co. Ltd. | 2403.00 | 124.00 | 122.00 | 124.00 | 2.00 |
| 39 | Grameen Bikas Lag. Bittiya Sanstha Ltd. | 3406.00 | 596.00 | 570.00 | 595.00 | 15.00 |
| 40 | Gurans Life Insurance Company Ltd. | 2107.00 | 856.00 | 820.00 | 840.00 | 9.00 |
| 41 | Gurkhas Finance Ltd. | 3732.00 | 107.00 | 105.00 | 107.00 | 2.00 |
| 42 | Hamro Bikas Bank Ltd. | 193.00 | 135.00 | 132.00 | 135.00 | 5.00 |
| 43 | Hathway Finance Company Limited | 2550.00 | 123.00 | 121.00 | 123.00 | 0.00 |
| 44 | Himalayan Bank Limited | 1035.00 | 544.00 | 541.00 | 544.00 | 4.00 |
| 45 | Himalayan Distillery Limited | 10.00 | 1213.00 | 1213.00 | 1213.00 | 23.00 |
| 46 | Himalayan General Insurance Co. Ltd | 5308.00 | 438.00 | 415.00 | 430.00 | 4.00 |
| 47 | Himalayan Power Partner Ltd. | 410.00 | 280.00 | 270.00 | 278.00 | 6.00 |
| 48 | ICFC Finance Limited | 1389.00 | 175.00 | 173.00 | 173.00 | 0.00 |
| 49 | Jalabidyut Lagani tatha Bikas Co. Ltd. | 10380.00 | 153.00 | 150.00 | 153.00 | 0.00 |
| 50 | Janata Bank Nepal Ltd. | 7931.00 | 156.00 | 150.00 | 155.00 | 4.00 |
| 51 | Janautthan Sam. Lag. Bikas Bank Ltd. | 80.00 | 3000.00 | 2960.00 | 3000.00 | 94.00 |
| 52 | Jebils Finance Ltd. | 100.00 | 106.00 | 106.00 | 106.00 | 1.00 |
| 53 | Jyoti Bikas Bank Limited | 5421.00 | 139.00 | 135.00 | 136.00 | 0.00 |
| 54 | Kabeli Bikas Bank Limited | 18.00 | 219.00 | 219.00 | 219.00 | 4.00 |
| 55 | Kailash Bikas Bank Ltd. | 1379.00 | 223.00 | 217.00 | 222.00 | 2.00 |
| 56 | Kalika Microcredit Development Bank Ltd. | 559.00 | 1285.00 | 1238.00 | 1275.00 | 14.00 |
| 57 | Kamana Sewa Bikas Bank Limited | 6890.00 | 143.00 | 138.00 | 140.00 | 2.00 |
| 58 | Kanchan Development Bank Limited | 1021.00 | 180.00 | 176.00 | 176.00 | -6.00 |
| 59 | Kankai Bikas Bank Ltd. | 16.00 | 124.00 | 124.00 | 124.00 | 0.00 |
| 60 | Karnali Development Bank Limited | 462.00 | 110.00 | 108.00 | 108.00 | 1.00 |
| 61 | Khanikhola Hydropower Co. Ltd. | 90.00 | 114.00 | 112.00 | 114.00 | 3.00 |
| 62 | Kisan Microfinance Bittiya Sanstha Ltd. | 90.00 | 1602.00 | 1541.00 | 1602.00 | 91.00 |
| 63 | Kumari Bank Limited | 36991.00 | 203.00 | 198.00 | 200.00 | 0.00 |
| 64 | Laxmi Bank Limited | 11811.00 | 267.00 | 259.00 | 264.00 | 4.00 |
| 65 | Laxmi Equity Fund | 1200.00 | 8.14 | 8.14 | 8.14 | -0.16 |
| 66 | Laxmi Laghubitta Bittiya Sanstha Ltd. | 144.00 | 1040.00 | 1025.00 | 1030.00 | 5.00 |
| 67 | Laxmi Value Fund-1 | 500.00 | 10.45 | 10.45 | 10.45 | 0.20 |
| 68 | Life Insurance Co. Nepal | 346.00 | 1525.00 | 1500.00 | 1525.00 | 34.00 |
| 69 | Lumbini Bikas Bank Ltd. | 2422.00 | 147.00 | 143.00 | 147.00 | 2.00 |
| 70 | Lumbini General Insurance Co. Ltd. | 3492.00 | 545.00 | 525.00 | 535.00 | 10.00 |
| 71 | Machhapuchhre Bank Limited | 1278.00 | 210.00 | 205.00 | 210.00 | 2.00 |
| 72 | Mahalaxmi Bikas Bank Ltd. | 2733.00 | 170.00 | 167.00 | 169.00 | -1.00 |
| 73 | Mahila Sahayatra Mi. Bittiya Sanstha Ltd. | 498.00 | 690.00 | 671.00 | 684.00 | 8.00 |
| 74 | Mahuli Samudayik Lag. Bittiya San. Ltd. | 425.00 | 2616.00 | 2523.00 | 2600.00 | 59.00 |
| 75 | Manjushree Finance Ltd. | 3064.00 | 122.00 | 120.00 | 121.00 | -1.00 |
| 76 | Mega Bank Nepal Ltd. | 28554.00 | 158.00 | 153.00 | 157.00 | 1.00 |
| 77 | Mero Microfinance Bittiya Sanstha Ltd. | 260.00 | 1040.00 | 1020.00 | 1025.00 | 15.00 |
| 78 | Mirmire Microfinance Dev. Bank Ltd. | 691.00 | 1477.00 | 1400.00 | 1477.00 | 27.00 |
| 79 | Mission Development Bank Ltd. | 122.00 | 180.00 | 177.00 | 177.00 | -3.00 |
| 80 | Miteri Development Bank Limited | 961.00 | 280.00 | 275.00 | 277.00 | -3.00 |
| 81 | Muktinath Bikas Bank Ltd. | 2867.00 | 374.00 | 360.00 | 371.00 | 11.00 |
| 82 | Nabil Bank Limited | 6221.00 | 920.00 | 913.00 | 917.00 | -3.00 |
| 83 | NABIL Bank Limited Promotor Share | 15390.00 | 701.00 | 689.00 | 698.00 | -2.00 |
| 84 | Nabil Equity Fund | 15125.00 | 9.08 | 8.87 | 8.87 | 0.02 |
| 85 | NagBeli LaghuBitta Bikas Bank Ltd. | 4643.00 | 2397.00 | 2316.00 | 2350.00 | -40.00 |
| 86 | NagBeli Lag. Bikas Bank Ltd. Pro. Share | 290.00 | 1300.00 | 1300.00 | 1300.00 | 0.00 |
| 87 | National Hydro Power Company Limited | 16100.00 | 82.00 | 79.00 | 81.00 | 2.00 |
| 88 | National Life Insurance Co. Ltd. | 9752.00 | 1184.00 | 1155.00 | 1163.00 | -10.00 |
| 89 | National Microfinance Bittiya Sanstha Ltd. | 627.00 | 2193.00 | 2110.00 | 2110.00 | -40.00 |
| 90 | Naya Nepal Laghubitta Bikas Bank Ltd. | 66.00 | 2030.00 | 2000.00 | 2030.00 | 30.00 |
| 91 | Neco Insurance Co. Ltd. | 4780.00 | 525.00 | 505.00 | 517.00 | 2.00 |
| 92 | Nepal Bangladesh Bank Limited | 23795.00 | 211.00 | 207.00 | 210.00 | 0.00 |
| 93 | Nepal Bank Limited | 13658.00 | 289.00 | 282.00 | 285.00 | 0.00 |
| 94 | Nepal Community Development Bank Ltd. | 279.00 | 119.00 | 117.00 | 117.00 | -4.00 |
| 95 | Nepal Credit And Commercial Bank Ltd. | 12590.00 | 237.00 | 230.00 | 235.00 | 2.00 |
| 96 | Nepal Doorsanchar Comapany Limited | 1450.00 | 722.00 | 713.00 | 722.00 | 5.00 |
| 97 | Nepal Hydro Developers Ltd. | 1630.00 | 177.00 | 163.00 | 177.00 | 6.00 |
| 98 | Nepal Insurance Co. Ltd. | 3395.00 | 628.00 | 620.00 | 625.00 | 3.00 |
| 99 | Nepal Investment Bank Limited | 10471.00 | 619.00 | 613.00 | 618.00 | 3.00 |
| 100 | Nepal Investment Bank Ltd. Pro. Share | 1204.00 | 557.00 | 555.00 | 555.00 | 10.00 |
| 101 | Nepal Life Insurance Co. Ltd. | 5676.00 | 1012.00 | 994.00 | 1008.00 | 14.00 |
| 102 | Nepal SBI Bank Limited | 6466.00 | 495.00 | 481.00 | 495.00 | 5.00 |
| 103 | Nerude Laghubita Bikas Bank Limited | 1248.00 | 656.00 | 632.00 | 656.00 | 12.00 |
| 104 | Ngadi Group Power Ltd. | 111.00 | 170.00 | 167.00 | 167.00 | -2.00 |
| 105 | NIBL Pragati Fund | 10830.00 | 8.16 | 7.95 | 7.95 | -0.05 |
| 106 | NIBL Samriddhi Fund 1 | 18650.00 | 10.40 | 10.20 | 10.20 | -0.20 |
| 107 | NIC Asia Bank Ltd. | 8879.00 | 316.00 | 309.00 | 315.00 | 4.00 |
| 108 | NIC Asia Growth Fund | 1500.00 | 9.03 | 8.95 | 8.95 | -0.15 |
| 109 | Nirdhan Utthan Lag. Bittiya Sanstha Ltd. | 1913.00 | 1000.00 | 986.00 | 986.00 | 0.00 |
| 110 | NLG Insurance Company Ltd. | 664.00 | 879.00 | 870.00 | 870.00 | -5.00 |
| 111 | NMB Microfinance Bittiya Sanstha Ltd. | 175.00 | 1387.00 | 1380.00 | 1387.00 | 27.00 |
| 112 | NMB Bank Limited | 6609.00 | 344.00 | 338.00 | 344.00 | 5.00 |
| 113 | NMB Hybrid Fund L-1 | 2247.00 | 8.99 | 8.85 | 8.85 | 0.04 |
| 114 | NMB Sulav Investment Fund-1 | 21663.00 | 11.42 | 11.10 | 11.10 | -0.30 |
| 115 | Om Development Bank Ltd. | 4975.00 | 175.00 | 167.00 | 170.00 | 0.00 |
| 116 | Oriental Hotels Limited | 3277.00 | 525.00 | 500.00 | 525.00 | 20.00 |
| 117 | Pokhara Finance Ltd. | 1755.00 | 135.00 | 132.00 | 132.00 | -3.00 |
| 118 | Prabhu Bank Limited | 20643.00 | 183.00 | 176.00 | 180.00 | 4.00 |
| 119 | Prabhu Insurance Ltd. | 1621.00 | 514.00 | 495.00 | 513.00 | 13.00 |
| 120 | Premier Insurance Co. Ltd. | 2422.00 | 1135.00 | 1110.00 | 1125.00 | 14.00 |
| 121 | Prime Commercial Bank Ltd. | 16488.00 | 283.00 | 276.00 | 279.00 | 1.00 |
| 122 | Prime Life Insurance Company Limited | 5460.00 | 540.00 | 510.00 | 540.00 | 29.00 |
| 123 | ProgressiveFinance Limited | 900.00 | 149.00 | 149.00 | 149.00 | 2.00 |
| 124 | Prudential Insurance Co. Ltd. | 1211.00 | 780.00 | 760.00 | 774.00 | 14.00 |
| 125 | Purnima Bikas Bank Ltd. | 189.00 | 174.00 | 171.00 | 173.00 | 1.00 |
| 126 | Radhi Bidyut Company Ltd | 230.00 | 218.00 | 211.00 | 217.00 | 0.00 |
| 127 | Rairang Hydropower Dev. Co.Ltd. | 150.00 | 180.00 | 165.00 | 165.00 | -18.00 |
| 128 | Rastriya Beema Company Limited | 365.00 | 10608.00 | 10400.00 | 10600.00 | -1.00 |
| 129 | Rastriya Beema Co. Limited Pro. Share | 45.00 | 9895.00 | 9701.00 | 9895.00 | 45.00 |
| 130 | Reliance Finance Ltd. | 1410.00 | 122.00 | 120.00 | 122.00 | 4.00 |
| 131 | Ridi Hydropower Development Co. Ltd. | 3326.00 | 125.00 | 121.00 | 123.00 | -2.00 |
| 132 | RMDC Laghubitta Bittiya Sanstha Ltd. | 90.00 | 654.00 | 642.00 | 654.00 | 14.00 |
| 133 | RSDC Laghubitta Bittiya Sanstha Ltd. | 1719.00 | 515.00 | 493.00 | 515.00 | 15.00 |
| 134 | Sagarmatha Insurance Co. Ltd. | 50.00 | 1306.00 | 1306.00 | 1306.00 | 25.00 |
| 135 | Samata Microfinance Bittiya Sanstha Ltd. | 306.00 | 1366.00 | 1320.00 | 1326.00 | 3.00 |
| 136 | Sana Kisan Bikas Bank Ltd | 1115.00 | 1142.00 | 1114.00 | 1120.00 | 12.00 |
| 137 | Sanima Bank Limited | 6209.00 | 329.00 | 322.00 | 322.00 | -1.00 |
| 138 | Sanima Equity Fund | 5000.00 | 9.10 | 9.00 | 9.10 | -0.02 |
| 139 | Sanima Mai Hydropower Ltd. | 31194.00 | 332.00 | 321.00 | 330.00 | 4.00 |
| 140 | Saptakoshi Development Bank Ltd. | 756.00 | 120.00 | 114.00 | 120.00 | 6.00 |
| 141 | Shangrila Development Bank Ltd. | 4738.00 | 155.00 | 147.00 | 155.00 | 5.00 |
| 142 | Shikhar Insurance Co. Ltd. | 2280.00 | 930.00 | 908.00 | 919.00 | 8.00 |

Total Amount Rs. 250,034,609 Total Quantity 833,891 Total No of Transactions 3,940


## ज्योति हिमाल स्टील आजको भाउ

| | टोरस्टिल | | | टि. एम. टि. टेम्पकोर | | | टोरकारी | एनिल्ड |
|---|---|---|---|---|---|---|---|---|
| | ८ मि.मि. | १०-२० मि.मि. | २५-३२ मि.मि. | ८ मि.मि | १०-२० मि.मि | २५-३२ मि.मि. | ४.७५-७ मि.मि. | |
| काठमाडौं | ९१.८५ | ९०.८५ | ९३.३५ | ९२.३५ | ८९.३५ | ९१.८५ | ९१.६५ | १०१.२२ |
| बीरगंज | ८९.९५ | ८८.९५ | ९१.४४ | ९०.४५ | ८७.४५ | ८९.९४ | ८९.७५ | ९९.४२ |
| विराटनगर | ९०.४५ | ८९.४५ | ९१.९४ | ९०.९५ | ८७.९५ | ९०.४४ | ९०.२५ | १००.०२ |

• अन्त: शुल्क/भ्याट बाहेक प्रति किलो मूल्य • १००० के.जी. माथि नेपालभरि फ्रि होम डेलिभरी
• अन्य ठाउँको मूल्य नजीकको डिपोबाट लिनु होला । तौलमा हुक र चुरा समावेश छ ।

RHINO 500D GUARANTEED DUCTILITY

### बिक्री मूल्य रू. प्रति किलोग्राम

| स्थानहरू | राईनो स्टील | | | |
|---|---|---|---|---|
| | ८ एम. एम | १०-२० एम.एम | २५ एम.एम | २८-३२ एम.एम |
| काठमाडौं, भक्तपुर, ललितपुर, बनेपा | ९४।५० | ९१।५० | ९४।५० | ९४।५० |
| सिमरा, वीरगञ्ज, कलैया, हेटौंडा | ९२।९० | ८९।९० | ९२।९० | ९२।९० |
| मलंगवा, जनकपुर, नारायणघाट | ९३।५० | ९०।५० | ९३।५० | ९३।५० |
| लाहान, विराटनगर, धरान, इटहरी, बुटवल, भैरहवा, कृष्णनगर | ९३।५० | ९०।५० | ९३।५० | ९३।५० |
| विर्तामोड, दमक, नेपालगञ्ज, धनगढी | ९४।५० | ९१।५० | ९४।५० | ९४।५० |
| पोखरा, स्याङ्जा | ९४।५० | ९१।५० | ९४।५० | ९४।५० |

नोट: उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के. जी. अन्तशुल्क र १३% मु.अ.कर थप लाग्नेछ

नेपालमा पहिलो पटक, नेपालकै लागि

Available at : Samakhushi (01-4384786), Sanobharang (9841356008), Satungal (9841687562), Dhumbarai (01-4446169), Sa (01-5555259, 01-5525049), Bhaktapur (01-6616205), Banepa (9851054994), NGT (056-570695, 9855061366), Parsa Chi (9855055795), Bardibas (044-550702), Birtamode (9842871718), Balkhu (01-4450166, 9851120096), Pokhara (9845494757), Gw (01-5200333, 9851027694), Dakshindhoka, Jorpati (9851007467), Sallaghari (9851118515), Janakpur (9844104194, 985402 9854026965), Birgunj (9855025151, 9855021918), Sitapaila (9851133746), Kalanki (9851152480), Melamchi (9851058093), S (9851089323), Dharan (9852056372), Biratnagar (9852020186, 9842360444), Itahari (9852020953), Hetauda (9855067550, 984503 Sindhuli (9854026965, 9851004153), Pathari (9852048341)


## विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

२०७५ असार २१, जुलाई ५, २०१८

### खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रूपियाँ १०० को रू. | १६०।०० | १६०।०० |
| अमेरिकी डलर १ का रू. | १०९।६८ | ११०।२८ |
| युरो १ को रू. | १२७।६५ | १२८।३५ |
| पाउन्ड स्टर्लिङ १ को रू. | १४४।८० | १४५।५९ |
| स्विस फ्रन्क १ को रू. | ११०।४३ | १११।०३ |
| अस्ट्रलियन डलर १ को रू. | ८१।०२ | ८१।४६ |
| क्यानाडियन डलर १ को रू. | ८३।४३ | ८३।८९ |
| सिङ्गापुर डलर १ को रू. | ८०।३६ | ८०।८० |
| जापानी यन १० को रू. | ९।९३ | ९।९८ |
| चिनियाँ युआन १ को रू. | १६।५४ | १६।६३ |
| साउदी अरब रियाल १ को रू. | २९।२५ | २९।४१ |
| कतारी रियाल १ को रू. | ३०।११ | ३०।२७ |
| थाई भाट १ को रू. | ३।३१ | ३।३२ |
| सं. अरब इमिरट दिराम १ को रू. | २९।८६ | ३०।०३ |
| मलसियन रिङ्गिट १ को रू. | २७।११ | २७।२६ |
| दक्षिण कारियन वन १०० को रू. | ९।८१ | ९।८७ |

#### खरिद दर

| | खरिद दर |
|---|---|
| स्विडिस क्रोनर १ का रू. | १७।१३ |
| डेनिस क्रानर १ का रू. | १३।९९ |
| हङकङ डलर १ का रू. | ३६२।४१ |

**नोट** : वर्तमान व्यवस्थाअन्तर्गत वणिज्य बैंकहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।

# थप १९ हजार ४ सय ७१ घरधुरी पुनर्निर्माण लाभग्राहीको सूचीमा

**नेपाल समाचारपत्र**

काठमाडौं

राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले छुट तथा पुन:जाँच सर्वेक्षणबाट प्राप्त तथ्याकंको विश्लेषण गरी गुनासो सुनुवाइ गर्ने क्रममा बुधबार थप ६२ वटा स्थानीय तहको नतिजा सार्वजनिक गरेको छ।

प्रमुख कार्यकारी अधिकृत युवराज भुसालको अध्यक्षतामा बुधबार बिहान बसेको प्राधिकरण कार्यकारी समितिको बैठकले छुट तथा पुन:जाँच सर्वेक्षणबाट प्राप्त तथ्यांकको विश्लेषण गरी भूकम्प अति प्रभावित ११ जिल्ला ६२ वटा स्थानीय तहका थप १९ हजार ४ सय ७१ घरपरिवारलाई पुन:निर्माण लाभग्राही र १५ हजार ७ सय ६६ घरपरिवारलाई प्रबलीकरण लाभग्राहीमा समावेश गरेको हो। बैठकले ११ हजार ४ सय ७५ घरपरिवारलाई गैरलाभग्राहीमा समावेश गर्ने निर्णय गरेको छ।

प्राधिकरणका सहप्रवक्ता मनोहर घिमिरेका अनुसार छुट तथा पुनजाँच सर्वेक्षणबाट संकलित १ लाख २९ हजार ४ सय ८ मध्ये हालसम्म ९१ हजार ९ सय १८ वटा गुनासोको सुनुवाइ भइसकेको छ। जसअन्तर्गत ३९ हजार ७ सय ८१ पुन:निर्माण लाभग्राही र २७ हजार ६३ घरपरिवार प्रबलीकरण लाभग्राहीमा सूचीकृत भएका छन्। यस्तै २० हजार ६ सय ९० घरपरिवार गैरलाभग्राहीमा परेका छन्।

प्राधिकरणले स्थानीय तहले गरेको प्रमाणीकरणलाई थप विश्लेषण गरी निश्चित मापदण्ड पूरा गरेकालाई लाभग्राही र नगरेकालाई गैरलाभग्राहीको रूपमा सूचीकृत गर्दै आएको छ। पुन:निर्माण लाभग्राहीमा परेका घरपरिवारले आवश्यक प्रक्रिया पूरा गरी निजी आवास पुनर्निर्माणका लागि ३ लाख र प्रबलीकरण लाभग्राहीले घर मर्मतका लागि १ लाख रूपियाँ पाउने गरेका छन्।

प्राधिकरणले संकलित तथ्यांकबाट ७ हजार घरपरिवारको नामावली थप प्रमाणीकरण गर्न स्थानीय तहमा पठाएको सहप्रवक्ता घिमिरेले जानकारी दिनुभयो। उहाँका अनुसार गत मंसिरसम्म संकलन भएका थप १ लाख २२ हजार गुनासोको पनि सुनुवाइ प्रक्रिया शुरू भइसकेकाले छिट्टै नतिजा सार्वजनिक गरिनेछ।

विभिन्न जिल्लाबाट ठूलो संख्यामा गुनासो दर्ता गरिएको र पहिले सर्वेक्षण भएको वा नभएको यकिन गरी थप प्रमाणीकरण गर्नुपरेकाले लाभग्राहीहरूको छनौटमा केही ढिलाइ भएको प्राधिकरणले जनाएको छ। बुधबार लाभग्राही थपिएसँगै कुल पुन:निर्माण लाभग्राहीको संख्या ८ लाख ७ हजार ४ सय ८६ र प्रवलीकरण लाभग्राहीको संख्या ५२ हजार ५४ पुगेको छ।

### जोखिमवर्गका २५ सय १४ लाभग्राहीलाई घर निर्माणमा सहयोग गर्न अनुमति

बुधबारको कार्यकारी समितिको बैठकले जोखिममा परेका वर्गका लागि घर बनाउन सहयोग गर्ने भनी प्रस्ताव पेश गरेका विभिन्न चार गैरसरकारी संस्थालाई अनुमति दिएको छ।

कार्यकारी समितिको बैठकले मर्सी कर्प्सलाई दोलखाको तामाकोशी गाउँपालिकाका ८१, सिन्धुलीको सुनकोशी गाउँपालिकाका १ सय १९ र मकवानपुरको बकैया गाउँपालिकाका ४० लाभग्राहीका घर बनाउन सहयोग गर्नेछन्। त्यसक्रममा मर्सी कर्प्सले जीविको पार्जनमा सहयोग गर्ने प्रतिबद्धता पनि जनाएको छ।

त्यस्तै, प्राधिकरणले नेपाल रेडक्रस सोसाइटीलाई रसुवा जिल्लाभरिका २ सय ७५ लाभग्राहीको घर निर्माणमा सहयोग गर्न अनुमति दिएको छ। सोसाइटीले लाभग्राहीलाई घर निर्माण गर्न सामाजिक प्राविधिक सहयोगका अतिरिक्त ५० हजार थप सहयोग गर्नेछ। सोसाइटीले रामेछापका सम्पूर्ण १ हजार २ सय ६३ लाभग्राहीको घर निर्माणमा सामाजिक प्राविधिक सहयोग पनि पुर्‍याउने छ।

त्यसैगरी, पिपल इन निड नामक गैरसरकारी संस्थालाई धादिङ जिल्लाको ज्वालामुखी गाउँपालिकाका सबै १ सय ६५ लाभग्राही एवं इच्छामनकामना गाउँपालिकाका सबै ६४ जना लाभग्राहीलाई घर निर्माण गर्न सामाजिक प्राविधिक सहयोग र थप ५० हजार रूपियाँ प्रदान गर्ने अनुमति दिइएको छ।

प्राधिकरण कार्यकारी समिति बैठकले केयर नेपाललाई पनि जोखिम वर्गमा परेका लाभग्राहीलाई सहयोग गर्न अनुमति दिएको छ। केयर नेपाललाई सिन्धुपाल्चोकको मेलम्ची नगरपालिकाका ७८ र पाँचपोखरी थाम्पाल गाउँपालिकाका ८७, गोरखाको सुलिकोट गाउँपालिकाका १८, धार्चे गाउँपालिकाका ७९, सिरानचोक गाउँपालिकाका २५, अजिरकोट गाउँपालिकाका २६, पालुङ्टार गाउँपालिकाका ४२, धादिङको गंगाजमुना गाउँपालिकाका ७१ र त्रिपुरासुन्दरी गाउँपालिकाका ८१ लाभग्राहीलाई घर निर्माणमा सहयोग गर्नेछन्।

जोखिम वर्गका घर निर्माणमा सहयोग गर्न अन्य केही संस्थाबाट पनि प्रस्ताव प्राप्त भएको र त्यसमा छलफल भइरहेको प्राधिकरणका सहप्रवक्ता घिमिरेले जानकारी दिनुभयो। उहाँले ती प्रस्तावको अध्ययन गरी छिट्टै निर्णय गरिने पनि बताउनुभयो। जोखिम वर्गमा परेका लाभग्राही पहिचान सम्बन्धी कार्यविधि २०७४ बमोजिम सूचीकृत १८ हजार ५ सय ५ मध्येका लाभग्राहीहरूलाई स्थायी निजी आवास निर्माणमा सहयोग गर्ने उद्देश्यअनुरूप प्राधिकरणले विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूबाट प्रस्ताव आह्वान गरेको थियो।

जोखिम वर्गमा परेका लाभग्राही पहिचानसम्बन्धी कार्यविधि २०७४ ले ७० वर्षमाथिका वृद्धवृद्धा, ६५ वर्ष नाघेका अशक्त एकल महिला, दृष्टिविहीनलगायतका रातो तथा निलो कार्डधारी अपांगता भएका व्यक्ति तथा १६ वर्षमुनिका नाबालिगलाई जोखिम वर्गमा परेका लाभग्राहीका रूपमा परिभाषित गरेको छ।




२०७५, असार
बिहीबार
२१

आगामी ९ महिनाभित्र आवश्यक सबै पूर्वाधार तयार गरेर आयोजना विकासको काम शुरू गरिने निर्माण कम्पनीले जनाएको छ। आगामी भदौभित्र ऋण लगानी गर्ने वित्तीय संस्थासँग सम्झौता गरेर मंसिरबाट आयोजना निर्माणको काम शुरू गर्ने लक्ष्य छ।




# माथिल्लो त्रिशूली-१ ले गति लियो

**नेपाल समाचारपत्र**

काठमाडौं

रसुवामा निर्माणाधीन अवस्थामा रहेको माथिल्लो त्रिशुली-१ आयोजनाले गति लिएको छ। २ सय १६ मेगावाटको माथिल्लो त्रिशुली-१ जलविद्युत् आयोजनाको आवश्यक पूर्वाधार विकासको काम शुरू भएको आयोजनाले जनाएको छ। निर्माण कम्पनी प्रवर्द्धक नेपालवाटर एन्ड इनर्जी डेभलपमेन्ट कम्पनीले आयोजना स्थल पुग्ने पहुँचमार्ग, पुल तथा आवास क्षेत्र निर्माणको काम शुरू गरेको हो।

प्रवर्द्धक नेपालवाटर एन्ड इनर्जी डेभलपमेन्ट कम्पनीले आयोजनाको विद्युत् गृह रहने मैलुङ र बाँध रहने हाकुबेंसीबाट एकै पटक पहुँचमार्ग खन्न शुरू गरिएको जनाएको छ। कम्पनीका अनुसार ऋसर राख्ने स्थानसम्म पुग्ने पहुँच मार्गको काम पनि शुरू गरिएको जनाएको छ।

यसै गरी, मैलुङफाँटमा आवासगृह निर्माणको काम शुरू भएको छ। २०७२ सालको भूकम्पले यस अघि राम्चीमा निर्माण भएको आवास क्षेत्रमा पूर्णरूपमा क्षति पुगेपछि नयाँ स्थानमा जग्गा खरिद गरेर कर्मचारी तथा कामदारका लागि नयाँ आवास बनाइएको हो।

यस्तै, विद्युतगृह र बाँध क्षेत्रमा छुट्टा छुट्टै 'बेलीब्रिज' निर्माणको काम शुरू भएको छ। मैलुङमा यसअघि निर्माण भएको पक्की पुलमा भूकम्प र पहिरोले क्षति पुऱ्याएपछि निर्माण सामग्री ढुवानी तथा आवत-जावतका लागि २ वटा बेलीब्रिज बनाउन शुरू गरिएको हो। बाँध क्षेत्रमा निर्माण हुने बेलीब्रिजले जिल्लाको आमाछोदिङ्मो र गोसाईंकुण्ड गाउँपालिकालाई जोड्नेछ। यसले स्थानीयलाई यात्राको लागि सहज हुनेछ ।

आगामी ९ महिनाभित्र आवश्यक सबै पूर्वाधार तयार गरेर आयोजना विकासको काम शुरू गरिने निर्माण कम्पनीले जनाएको छ। आगामी भदौभित्र ऋण लगानी गर्ने वित्तीय संस्थासँग सम्झौता गरेर मंसिरबाट आयोजना निर्माणको काम शुरू गर्ने लक्ष्य छ। आयोजना वि.सं. २०८० सालमा सम्पन्न भई विद्युत् उत्पादन भई सञ्चालनमा आउनेछ।

## ई–कन अब एक चक्कीमा

काठमाडौं, (नेस)

नेपाल सी आर एस द्वारा वितरित आकस्मिक गर्व निरोधक चक्की ई-कन अब एक चक्कीमा बजारमा आएको छ। विगतमा ई-कन एक चक्की खाइसकेपछि अर्को चक्की खान बिर्सिने सम्भावना रहेको सर्वेक्षणमा देखिएको हुनाले अहिले ग्राहकको चाहनाअनुसार १ दशमलव ५ एम जी लेभोनोरजे कम्पोजिसनमा ई-कन एक चक्कीमा उपलब्ध गराइएको कम्पनीले जनाएको छ।

असुरक्षित यौन सम्पर्क भएको १ सय २० घण्टाभित्रको समयमा जति सक्दो चाडो ई-कन खाइयो, त्यति नै बढी यो प्रभावकारी रहन्छ। ई-कन आकस्मिक गर्व निरोधक चक्की मात्र रहेको र यसलाई नियमित परिवार नियोजनको साधन बनाउनु नहुने र यसले एचआईभी र अरू यौनजन्य रोगहरू सर्नबाट नरोक्ने जानकारी पनि कम्पनीले दिएको छ।

नेपाल सी आर एस कम्पनी सन १९७८ बाट सञ्चालित नाफारहित सामाजिक संस्था हो जसले परिवार नियोजनका अस्थायी साधनहरू, पुनर्जलीय झोल तथा सुत्केरी सामग्रीको बिक्रीवितरण र प्रवर्द्धनका साथै दुर्गम सुगम क्षेत्रहरूमा विभिन्न स्वास्थ्य समस्याका विरुद्ध जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको छ।

## पहिलो दाबी भुक्तानी

काठमाडौं, (नेस)

ज्योति लाईफ इन्स्योरेन्स कम्पनीले आषनो पहिलो दावी भुक्तानी गरेको छ। राकेश प्रसादकुर्मीको मिति गत बैशाख २२ गते हृदयघात भई उपचारको क्रममा मृत्यु भएको ब्यहोरा उल्लेख गरी बीमितले इच्छाएको व्यक्ति आमाकुसुम देवीकुर्मीनलाई दाबी ५ लाख रूपैयाँ प्रदान गर्नुभयो।

## एनआईसी एसिया चारपानेमा

काठमाडौ, (नेस)

एनआईसी एसिया बैंकको बिर्तामोड नगरपालिका वडा नं २, चारपाने, झापामा स्थापित चारपाने शाखाको बुधबार एक समारोहकाबीच बिर्तामोड नगरपालिकाका मेयर ध्रुवकुमार शिवाकोटीले उद्घाटन गर्नुभयो।

मुलुकभर २ सय २५ शाखा कार्यालय, २ सय १८ एटिएम, १४ वटा एक्सटेन्सन काउण्टर एवं ११ वटा शाखारहित बैंकिङ ईकाई मार्फत बैंकिङ सेवाप्रदान गरिरहेको छ।

## टाउको...

कम्पनीले स्वीकृतभन्दा बढी भवन निर्माण गरी सडक र खुला मैदानको क्षेत्र घटाइएको छ। नक्साङ्कनअनुसारको कुनै पनि भवन निर्माण भएका छैनन्। घरको आन्तरिक सजावट तथा इन्टेरिएरका काम पनि सन्तोषजनक देखिँदैन। 'मैले १ करोड १० लाखमा किनेको घरमा ३० लाख रुपियाँ थप खर्च गरेँ। झ्याल, ढोकामा प्रयोग भएको काठ एकदुई वर्ष मै काम नलाग्ने भयो। शौचालय, भऱ्याङ, बत्ती जडानलगायतका सबै काम आफैंले गर्नुपऱ्यो।' -एकजना घर खरिदकर्ताले नेपाल समाचारपत्रसँग गुनासो पोखे।

आवासीय भवनभित्रै सामुदायिक भवन, मार्ट, स्वीमिङ पुल, महिला तथा पुरुषका लागि छुट्टै जिमहल, चिल्ड्रेन्स पार्कलगायत संरचनाको प्रतिवद्धता जनाइएको भए पनि ती संरचनाहरू कहिँकतै भेटिँदैनन्। भएको संरचनाको पनि स्वामित्व हस्तान्तरण भएको छैन। फेज ३ मा स्वीमिङ हस्तान्तरण गर्न मात्र सिभिल होम्सले थप ११ करोड रुपियाँ माग गरेको बुझिएको छ।

सिभिल होम्सले निर्माण गरेका अधिकांश बाटो र पार्कको लालपूर्जा आफैसँग राखेको छ। अधिकांश घरधनीले आफूले किनेको घरको एज विल्ड ड्रइङ पनि पाएका छैनन् ।जसका कारण आफू बसेको घरको निर्माण कसरी भएको छ र खानेपानी पाइप, ढल, विद्युत् तारजस्ता संरचनाको व्यवस्थापन कहाँबाट कसरी भएको छ भन्ने कुरा नै थाहा पाउन सक्दैनन्। सिभिल होम्सको छैठौं फेजअन्तर्गत खुमलटारमा ७२ वटा भवनमा केही भवन निर्माणको अन्तिम चरणमा बाहेक अन्य सबै भवनहरू बिक्री भइसकेका छन्। त्यहाँ भवन हाउजिङ निर्माणका लागि २०७० लाख जेठ २ गते निर्माण अनुमति पाएको थियो। डेढ वर्षभित्रमा निर्माण सम्पन्न गरिसक्ने गरी प्रतिवद्धता जनाएको भए पनि ५ वर्ष बितिसक्दा पनि निर्माण सम्पन्न भइसकेको छैन। खुमलटारमा ५ मिटर चौडाइ भनिएको बाटोमा ४ मिटर मात्रै राखिएको छ।

संयुक्त आवासको स्वामित्व सम्बन्धी ऐन, २०५४ को दफा २४ अनुसार संस्थापकले आफ्नो स्वामित्वमा रहेका सबै आवास इकाइहरू बेचबिखन गरेमा वा कुनै संयुक्त आवास भवनका सम्पूर्ण आवास इकाइ धनीहरूले संयुक्त आवास भवनको सञ्चालन आफैं गर्न लिखित सहमति जनाई संस्थापकसमक्ष पेश गरेमा वा संस्थापक संगठित संस्था विघटन भई तथा संस्थापक टाट पल्टी साहुको ऋण तिर्न नसक्ने भई संयुक्त आवास भवन र सामुहिक क्षेत्र, सुविधाको संरक्षण, रेखदेख, मर्मत, स्याहार, सम्भार तथा सरसफाइ गर्न नसक्ने भएमा सो कार्यका लागि आवास इकाइ धनीले आफूहरू मध्येबाट आवास व्यवस्थापन समितिको गठन गर्न सक्ने प्रावधान रहेको छ। यसरी गठन भएको समितिले संस्थापकले गर्ने भनिएका सम्पूर्ण काम कारबाहीहरू गर्न सक्ने कानुनी व्यवस्था छ।

सोही ऐनअनुसार हरेक फेजमा त्यहाँको प्रतिनिधि संस्थाका रूपमा आधिकारिक संगठनहरू खुलेका छन्। तर त्यस्ता समिति वा संगठनहरूलाई नै लक्षित गरी सिभिल ग्रुपले बेलाबेलामा दुःख दिने, कानुनी झन्झटमा फसाउने, प्रहरी प्रशासनमार्फत् पक्राउ गर्न लगाउने तथा सीमित व्यक्तिलाई आर्थिक प्रलोभनमा पारेर समितिभित्रै भाँडभैलो मचाउने गरेको देखिन्छ।

सिभिल होम्स्ले निर्माण गरेका आवासीय भवनमा उक्त कम्पनीका सञ्चालक इच्छाराज तामाङको हालीमुहालीबाट पीडित हुनेमा उच्च तह तथा नाम कमाएका व्यक्तिहरू नै बढी देखिन्छन्। तर, तामाङको 'शक्ति' का अगाडि कसैले केही बोल्न नसकेको पीडितहरू बताउँछन्। 'सिभिल होम्स्ले कानुनी रूपमा मुद्दा हारेपछि गुण्डाहरूमार्फत् हामीलाई दुःख दिन थाल्यो। १२ वर्ष भयो घर किनेको एक दिन पनि सुखसँग बस्न पाइएन।' फेज २ अन्तर्गत तिनथानामा घर किनेका एक पूर्वसरकारी कर्मचारीले नेपाल समाचारपत्रसँग भने।

## सरकार...

भवन खरिदकर्तालाई उपलब्ध गराएको ब्रोसर करार सम्झौता र प्लानिङ पर्मिट दिने काठमाडौं उपत्यका नगर विकास मूल समितिले दिएको स्वीकृतीअनुसारका कुनै पनि बुँदाको उचित कार्यान्वयन गरेको देखिँदैन। यसरी सिभिल ग्रुपले लामो समयदेखि सरकारी निकाय र आवास खरिदकर्ता दुवैको आँखामा छारो हाल्दै आएको छ। प्लानिङ पर्मिटमा कम्पनीले तोकिएका सर्तहरू पूर्ण रूपमा पुरा गर्ने गरी सरकारबाट सामुहिक आवास निर्माण गर्ने अनुमति लिएको भएपनि ती शर्तहरू पुरा भएका छैनन्। मुख्य कुरा घरधनीलाई बुझाइसकेका घरहरूको स्वीकृती नक्सा र निर्माण सम्पन्न प्रतिवेदन सिभिल होम्सले अधिकांशलाई दिएको छैन। निर्माण स्वीकृती माग्दा सिभिल होम्सले थप रकम माग्ने गरेको छ।

हस्तान्तरण भइसकेको कोलोनीभित्रका सामुदायिक भवन, स्वीमिङ पुल, पार्किङ, क्लब हाउस, खेल मैदान, पार्कलगायत अन्य संरचनाहरूमा कोलोनी बासीकै अधिकार हूने गरी अदालतले फैसला गरेको भए पनि सिभिल होम्सले ती संरचनाहरू उनीहरूलाई अझै प्रयोग गर्न दिएका छैनन्। सिभिल होम्स फेज २ अन्तर्गतमा गठित रेजिडेन्स वेलफेयर सोसाइटीले दायर गरेको मुद्दामा २०७४ साल वैशाख १२ गते सर्वोच्चले फैसला गर्दै कोलोनीबासीलाई सुविधा दिन निर्माण गरिएका सबै भौतिक संरचनाको स्वामित्व उनीहरूकै हुने निर्णय गरेको छ। तर अदालतको उक्त फैसला कार्यान्वयन हुन नदिन सिभिल होम्स्ले राजनीतिक तह र प्रहरी प्रशासनबाट नभई टोले गुण्डामार्फत् पनि स्थानीयलाई धम्की दिने गरेको छ। फेज २ मा आवास खरिदकर्ताहरूका पक्षमा निर्णय भए पनि पछिल्लो समय अन्य फेजका बासिन्दाले पनि आवाज उठाउन थालेका थिए। तर एकदुईवटा व्यक्तिले मात्र वर्षौंसम्म आवाज उठाउँदा पनि सुनुवाई नभएपछि अहिले सबै फेजका घर खरिदकर्ता एकै ठाउँमा आएर संयुक्त रूपमा सिभिल होम्स् विरुद्ध कानुनी लडाइँ लडिरहेका छन्।







## सिभिल ग्रुपको अर्को कर्तुत

# फेक अकाउन्ट बनाउँदै भ्रम फैलाउँदै

**नेपाल समाचारपत्र**

काठमाडौं

उच्च राजनीतिक तहसँगको साँठगाँठ र गुण्डागर्दीको आडमा आफू विरुद्ध आवाज उठाउने जो-कोहीलाई तह लगाउँदै आएको सिभिल ग्रुपले सामाजिक सञ्चालमा आएका प्रतिक्रियासँग जुध्न तथा आफ्नो बढाइ चढाइ गर्न पनि अवैध तरिका नै अपनाउने गरेको छ।

सामाजिक सञ्जाल फेसबुकमा अनुस्का जैन र सुमन वैद्य नामका दुईवटा अकाउन्ट भेटिन्छन्। ती अकाउन्ट कसको हो भन्ने कुराको जानकारी लिनका लागि उनीहरूको नाम बाहेक अन्य कुनै जानकारी भेटिदैन। तर ती अकाउन्टको प्रयोग भने सामाजिक सञ्जालमा सिभिल ग्रुप र सिभिल होम्स्सँग सम्बन्धित विषयवस्तु र उनीहरूका हरेक क्रियाकलापमा जोडिने गरेको देखिएको छ।

सिभिल ग्रुपले अनुस्का जैन र सुमन वैद्य नामका दुईवटा नक्कली फेसबुक अकाउन्ट खोलेको देखिन्छ। ती दुवै अकाउन्टमा कुनै तस्वीर राखिएको छैन भने अन्य जानकारी खुलाइएको छैन। यी दुईवटा अकाउन्टको काम सामाजिक सञ्जालमा सिभिल ग्रुपको तारिफ गर्ने र कसैले सिभिल ग्रुपसँग सम्बन्धित केही कुरा लेखेका त्यसको खेदो हो। त्यति मात्र नभई कसैले फेसबुकमार्फत् सिभिल ग्रुपका काम कारबाहीका बारेमा केही गुनासो गरेमा यी दुई व्यक्ति तथानाम गाली गर्दै प्रतिक्रियामा उत्रिने गरेका छन्।

ती अकाउन्टहरू नक्कली हुन भन्ने कुरा कसरी प्रष्ठ हुन्छ भने अनुस्का जैनले फेसबुकमा प्रतिक्रिया (कमेन्ट) गर्दा आफ्नो परिचय कहिले आफु सिभिल होम्सको खरिदकर्ता, कहिले सीटीसी मलमा पसल किनेको एक व्यापारीका त कहिले टेक्सटाइल कम्पनीको मालिकका रूपमा दिने गरेको देखिन्छ। यसरी अवस्थाअनुसार सुहाउँदो परिचय दिने अनुस्का जैन भन्ने व्यक्ति वास्तवमा कुनै व्यक्ति नै नभई सिभिल ग्रुप अथवा सिभिल होम्स्ले सिर्जना गरेको फेक अकाउन्ट हो भनेर बुझ्न गाह्रो छैन।

Bigya Rajbhandari reviewed Civil Homes — 1★
January 27, 2017

Nirman sampanna certificates have not yet been received for phase 2,3&4.
I bought a ready to move in bungalow 5yrs ago like hundreds others and still haven't received nirman sampanna nor a proper engineering drawing of my house!!!

Like Comment Share

1

Anushka Jain
thats a lie again all my neighbours have their nirman sampan and naksha pass. I live in phase Iv civil homes. DONT LISTEN to these fraud people.
32w Like Reply

Bigya Rajbhandari
Using pseudo account on Facebook is a crime.
I have a list of more than 100 house owners who haven't received their Nirman sampana with their signature.
I haven't even received an engineering drawing of my house. I have requested civil homes multiple times for it.

Ganesh Thapa reviewed Civil Homes — 3★
November 11, 2014

Not enough facilities to Residance builder mainly focus on how to maximum utilies land for build house for selling purpose and they don't care about parking areas and Greeny, And other facilities I am talking about phase 2

Jason Baidya reviewed Civil Homes — 1★
August 4, 2016

Kunai phase ma ta Kaam complete gara !!! Have some ethics !!! I regret buying home here !!! Anyone buying a place here plz check civil homes phase 1, 2 and 3 community first. Now phase 4 is having the same problem. But our time will come soon

Shrestha Rk
ठिक कुरा हो
Like · Reply · Mark as spam · 1 · 1w

Anushka Jain
false news.. and you are a studpid person to believe it!
Like · Reply · Mark as spam · 1 · 1w · Edited

Dilli Bhattarai
के घर–जग्गा व्यवसायी इच्छाराज तामाङको सिभिल ग्रुप डुब्न लागेकै हो त ?
Like · Reply · Mark as spam · 2 · 1w · Edited

Anushka Jain
false news... advertisement diyena hola ani yesto lekhyo... nepal ko media ko standard is dropping
Like · Reply · Mark as spam · 1w

Suman Vaidya
नेपाली जनतालाई मुर्ख भन्ठानेको होला "नेपाल समाचारपत्र" ले तर हामीलाई थाहा छ media को source of income facebook ra instagram jastai advertisement हो भनेर। तेसैले यस्तो झुटो समाचार चन्दा या पैसा नदिएकोले लेखेको हो। हामी मुर्ख छैनौ विश्वास गर्नलाई।

Purshottom Shrestha
Central bank ra cooperative department lê ke heri baseki ?
1w Like Reply

Anushka Jain
exactly central bank has not acted because civil bank and the company is doing good, which means this news is fake. Nepali janatashould be more aware about this kind of journalist who write false news when ventures dont give them money. I also own a small textile shop. When I rejected to donate money to nepal samacharpatra, they threatened me that they will spread falsse news.
6 d Like Reply 1

Purshottom Shrestha
Looks like fake account?

Mjf Lion Bishal Bartaula
मैले आफ्नो पैसा निकाले ।।। civil bank bata hijo nai @@@ tapai haru le ni... news hyerda dar lagyo
1w Like Reply

Anushka Jain
then you are an idiot.. if you are gullible to such fake news then you will be easily fooled all the time,... There is no "source" or "reference" to this news. If you have ever been to a college you would know about "referencing sources"

Sushil Paudel
समचार पत्र ले बिज्ञापन पायेनच, पित पत्रकारी
1w Like Reply 3

Sunil Yakami
Susil le karobar gareko cha.ane thaha huncha.
1w Like Reply

Anushka Jain
Sunil Yakami: BUT Sushil is right, you are the one being gullible to fake news. I also own a shop in CTC mall and I know what kind of people are making "unions".

G.g. Magar reviewed Civil Homes — 1★
Nov 3, 2017 at 10:08am

Very disappointed with complaint handling team. I have filled grievance form in official sites many times but there were no any feedback and updates on registered issue. Also Nirman Sampanna certificate has not been provided to us yet and whenever we contact representative in our colony, their response is very confusing. Whole concept of civil homes is good but they way treat their customers is biased.
I don't want to be derogatory this company but their actions are making me now.

Suman Vaidya reviewed Civil Homes — 5★
Wednesday at 10:24 PM

Living here in one of he projects since 5 years and it is one of the best environment in Ktm to raise my kids.

Like Comment Share

Anushka Jain reviewed Civil Homes — 5★
November 18, 2017

I honestly enjoy living here and if I need any technician or repair engineer, they are always ready to help. Very Good quality construction, good facilities even during earthquake, good response team. I read other reviews and was surprised reading some fraud people's reviews. I heard from my neighbours there are a lot of fraud buyers these days showing false docs and if fail to buy house, spread rumours. shame on these people. Lastly on positive note, Thank you Civil homes, the dream of owning a home and finally settling down has come true.

Zippy Shrestha reviewed Civil Homes — 1★
Dec 17, 2017 at 12:47pm

I am civil home phase 7 house number 7b owner. It's been 2yrs still now Hand over of house hasn't been done. no grivence/ complaints handled. Work at site is at snails pace. How come a housing company say I have shortage of Labour, tiles didn't come on time. It's surprising. I am not sure if civil home is even in the business of providing dream houses anymore, its more of giving customers a mental stress. I wouldn't recommend it to anyone.